# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक






वर्ष : २५ | अंक : ३२१ | बुधवार, १७ भदौ, २०८३ | Wednesday, 2 Sep 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# कृषि पढ्दै, उत्पादन गर्दै र बजारमा बेच्न सिक्दै विद्यार्थी

***विद्यालयले शिक्षासँग सीप, उत्पादन र बजारलाई जोड्दै कृषि ज्ञान तथा उद्यमशीलताको स्थानीय केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको छ।***

**काँक्रेविहार संवाददाता**
दैलेख, १६ भदौ

भगवतीमाई गाउँपालिकास्थित श्री ज्वाला माध्यमिक विद्यालयका विद्यार्थी अहिले कक्षाकोठामा कृषि विषयको सैद्धान्तिक ज्ञानमा मात्र सीमित छैनन्। उनीहरू विद्यालयको बारीमा पुगेर कृषि उत्पादन गर्छन्, उत्पादित वस्तुको प्रशोधन गर्छन् र त्यसलाई बजारसम्म पुऱ्याउने अभ्याससमेत गरिरहेका छन्। कक्षा ९ देखि १२ सम्म सञ्चालित कृषि प्राविधिक धारले विद्यार्थीलाई पढाइसँगै उत्पादन, प्रशोधन र बजारीकरणको व्यावहारिक ज्ञान दिन थालेको हो। कृषि शिक्षालाई व्यवहारसँग जोड्ने उद्देश्यले विद्यालयले विद्यार्थीलाई विभिन्न कृषि उपज उत्पादनमा सहभागी गराउँदै आएको छ। विद्यार्थीले विद्यालयको बारीमा प्रयोगात्मक रूपमा धान, मूला, विभिन्न प्रजातिका च्याउ, डल्ले खुर्सानीलगायतका कृषि उपज उत्पादन गरेका छन्। उत्पादनपछि त्यसलाई कच्चा पदार्थका रूपमा मात्र बिक्री नगरी विभिन्न परिकार तथा प्रशोधित वस्तुमा रूपान्तरण गर्ने अभ्याससमेत गराइएको विद्यालयले जनाएको छ।

विद्यार्थीले बारीमा उत्पादन गरेको धानबाट चामल तयार गरेका छन्। त्यस्तै मूलालाई परम्परागत रूपमा तयार गरिने सिन्कीमा प्रशोधन गरिएको छ



खुर्सानीबाट अचार बनाउने अभ्यास गरेका छन्। यसरी उत्पादनदेखि प्रशोधनसम्मको प्रक्रियामा विद्यार्थी आफैं सहभागी हुँदा उनीहरूले कृषि उत्पादनको वास्तविक प्रक्रिया बुझ्ने अवसर पाएका छन्। उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन आवश्यक तयारीसमेत भइरहेको विद्यालयले जनाएको छ।

विद्यालयका प्रधानाध्यापक रामबहादुर थापाका अनुसार कृषि खेतबारीमा उत्पादन गर्न सिकाउनुमा मात्र सीमित छैन। उत्पादनपछि त्यसको प्रशोधन, प्याकेजिङ, मूल्य निर्धारण र बजारीकरणका विषयमा समेत विद्यार्थीलाई व्यवहारिक ज्ञान दिने प्रयास भइरहेको छ। यसले विद्यार्थीलाई कृषि क्षेत्रलाई परम्परागत खेतीका रूपमा मात्र नभई उद्यम र रोजगारीको सम्भावनासँग जोडेर हेर्न सहयोग पुग्ने विद्यालयको विश्वास छ।

संयोजक मनसुन दाहालका अनुसार कृषि उपजलाई कच्चा पदार्थका रूपमा बिक्री गर्नुभन्दा त्यसको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्ने सीप विद्यार्थीलाई सिकाउन खोजिएको छ। 'हाम्रो उद्देश्य विद्यार्थीलाई कक्षाकोठाको चौघेरामा मात्र सीमित नराखी उत्पादनदेखि बजारीकरणसम्मको सम्पूर्ण भ्यालु चेनमा जोड्नु हो,' उनले भने, 'विद्यालयलाई कृषि ज्ञान, आधुनिक प्रविधि र स्थानीय समुदायबीचको सेतुका रूपमा विकास गर्दैछौं।'

विद्यालयले कृषि शिक्षालाई स्थानीय समुदायसँग जोड्ने योजनासमेत अघि सारेको छ। विद्यार्थीले विद्यालयमा सिकेको प्राविधिक ज्ञान समुदायका किसानसम्म पुऱ्याउने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको विद्यालयले जनाएको छ। त्यसका लागि स्थानीय तहमा माटो परीक्षण शिविर सञ्चालन गरी किसानलाई आवश्यक प्राविधिक परामर्श दिने योजना बनाइएको छ।

त्यस्तै स्थानीय तथा लोपोन्मुख बीउ संरक्षणका लागि विद्यालयमै बीउ बैंक स्थापना गर्ने योजना पनि अघि सारिएको छ। स्थानीय किसानसँग प्रत्यक्ष प्राविधिक सहकार्य गरी आधुनिक कृषि प्रविधिबारे जानकारी आदानप्रदान गर्ने विद्यालयको तयारी छ। यसबाट विद्यार्थीले पाठ्यक्रममा सिकेको ज्ञानलाई समुदायमा प्रयोग गर्ने र स्थानीय किसानले पनि नयाँ प्रविधि तथा प्राविधिक जानकारी प्राप्त गर्ने अपेक्षा गरिएको छ।

प्रधानाध्यापक रामबहादुर थापाले कृषि शिक्षालाई सीप र उत्पादनसँग जोड्ने उद्देश्यले विद्यार्थीलाई प्रयोगात्मक अभ्यासमा प्राथमिकता दिइएको बताए। उनका अनुसार बाँकी पृष्ठ २

## पूर्वमुख्यमन्त्री शर्मा प्रदेश सभामै पलेँटी कसरे धर्नामा बसेपछि ...



**काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ भदौ

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री राजकुमार शर्मा आफूले प्रदेशसभा सचिवालयमा दर्ता गराएको विधेयक कार्यसूचीमा नराखिएको भन्दै प्रदेशसभा बैठकमै पलेँटी कसेर बसेका छन्।

शर्माले गत साउन १२ गते 'कर्णाली समृद्धि तथा आर्थिक विकाससम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभा सचिवालयमा दर्ता गराएका थिए। तर, लामो समय बितिसक्दा पनि विधेयक छलफलका लागि कार्यसूचीमा नपरेको भन्दै उनले विरोध जनाएका हुन्।

मंगलबारको प्रदेशसभा बैठकमा शर्मा सदनमै बसेर विधेयकलाई तत्काल कार्यसूचीमा राख्न माग गरेका थिए। उनको विरोधका कारण बैठक सञ्चालनमा अवरोध भएपछि प्रदेशसभा बैठक स्थगित गरिएको छ।

शर्माले विधेयक कार्यसूचीमा समावेश नभएसम्म आफ्नो विरोध जारी रहने बताएका छन्। उनले प्रदेश सरकारले आफूले दर्ता गराएको विधेयकमाथि विभेद गरेको आरोप लगाएका छन्।

शर्मा माओवादी केन्द्रबाट कर्णाली प्रदेशको मुख्यमन्त्री बनेका थिए।

## इनिषा मृत्यु प्रकरण :

# तीन बालकलाई छोड्न सर्वोच्चको आदेश

**काँक्रेविहार संवाददाता**
सुर्खेत १६ भदौ

सुर्खेतकी १६ वर्षीया इनिषा विकको मृत्यु प्रकरणमा जोडिएका तीन जना बालकलाई अभिभावकको जिम्मा लगाउन सर्वोच्च अदालतले आदेश दिएको छ। यसअघि सुर्खेत जिल्ला अदालत र उच्च अदालत सुर्खेतले बालसुधार गृहमा पठाउने गरी गरेको आदेशलाई सर्वोच्चले बदर गर्दै तीनै बालकलाई अभिभावकको जिम्मा लगाउन आदेश दिएको हो।



न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले जिल्ला र उच्च अदालतका आदेश बदर गर्दै परिवर्तित नाम वीरेन्द्रनगर (ध), वीरेन्द्रनगर (फ) र वीरेन्द्रनगर (न) लाई बाबु, आमा वा परिवारका जिम्मेवार व्यक्तिको जिम्मामा छाडेर मुद्दाको बाँकी प्रक्रिया अघि बढाउन आदेश दिएको हो।

यसअघि सुर्खेत जिल्ला अदालतले १७ चैत २०८२ मा थुनछेक आदेश जारी गर्दै उनीहरूलाई बालसुधार गृह पठाएको थियो। उक्त आदेशलाई उच्च अदालत सुर्खेतले बाँकी पृष्ठ २


## गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

*सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# पूर्वतयारीमा कमजोरी नगरौँ

कर्णालीमा बर्खायाम सुरू भएसँगै बाढी, पहिरो र डुबानको जोखिम हरेक वर्ष दोहोरिन्छ । दैलेखका नदी तथा खोला किनारमा विकसित भएका बजार र बस्तीमा यस वर्ष पनि जोखिम बढ्दै गएको छ । लगातारको वर्षाका कारण नदी, खोला र खहरेमा पानीको बहाव बढ्दै जाँदा नौमुले, बेस्तडा, तल्लो तथा माथिल्लो डुङ्गेश्वर, चुप्रा, छामघाट, लोहोरे, राकम कर्णाली, पाल्तडा र रामघाटलगायतका बजार उच्च जोखिममा पर्नु सामान्य विषय होइन । यी क्षेत्रमा बाक्लो बस्ती र ठूलो संख्यामा व्यापारिक प्रतिष्ठान रहेकाले विपद् आएमा मानवीय र आर्थिक क्षति गम्भीर हुन सक्छ । सबैभन्दा चिन्ताको विषय के हो भने जोखिमबारे हामीलाई हरेक वर्ष जानकारी हुन्छ, तर पूर्वतयारी भने विपद् नजिकिएपछि मात्रै तीव्र पार्ने प्रवृत्ति अझै हट्न सकेको छैन । नदी तथा खोलाको किनारमा अव्यवस्थित बस्ती विस्तार, कमजोर सडक संरचना, पर्याप्त नाला तथा निकासको अभाव र जोखिमयुक्त भू-भागमा निर्माण गरिएका संरचनाले विपद्को सम्भावित क्षति झन् बढाएका छन् ।

दैलेखका ११ वटै स्थानीय तहका बजार तथा कर्णाली राजमार्ग आसपासका क्षेत्रमा निगरानी बढाइएको प्रशासन र सुरक्षा निकायको भनाइ सकारात्मक छ । तर निगरानी मात्र पर्याप्त हुँदैन। जोखिमयुक्त बस्तीको पहिचान, नियमित सूचना प्रवाह, उद्धार मार्गको तयारी, आवश्यक उद्धार सामग्रीको व्यवस्थापन तथा स्थानीयस्तरमै खोज तथा उद्धार टोली परिचालन गर्ने प्रणाली प्रभावकारी बनाउन आवश्यक छ । यसैगरी सडक र पुललाई पनि प्राथमिकतामा राख्नुपर्छ । वर्षाका कारण ग्रामीण सडक अवरूद्ध हुँदा खाद्यान्न तथा अत्यावश्यक सामग्रीको आपूर्ति प्रभावित हुने भएकाले सडक खुलाउने पूर्वतयारी आवश्यक छ । विपद् व्यवस्थापनलाई केवल सुरक्षाकर्मीको जिम्मेवारी ठान्ने प्रवृत्ति अन्त्य गर्दै स्थानीय सरकार, प्रशासन, प्रहरी, नागरिक समाज र समुदायबीच प्रभावकारी समन्वय हुनुपर्छ ।

अर्कोतर्फ, दैलेख मात्र होइन, जाजरकोट, रूकुम पश्चिम र कालिकोटका सदरमुकामसमेत पहिरोको जोखिममा छन् । विशेषगरी २०८० को भूकम्पले कमजोर बनाएको जाजरकोट खलंगाको भू-भागमा वर्षाले थप जोखिम निम्त्याउन सक्छ । यस्तो अवस्थामा जोखिम थाहा हुँदाहुँदै सम्भावित क्षतिको प्रतीक्षा गर्नु बुद्धिमानी होइन । अबको आवश्यकता विपद् आएपछि उद्धार गर्ने होइन, विपद् आउनुअघि नै क्षति न्यूनीकरण गर्ने हो । स्थानीय तहले जोखिमयुक्त बस्तीको तत्काल पहिचान गरी आवश्यक परे सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना बनाउनुपर्छ । नागरिकले पनि नदी, खोला र पहिरोको जोखिमलाई सामान्य रूपमा नलिई सतर्कता अपनाउनुपर्छ । वर्षा रोकिएला भनेर जोखिमलाई बेवास्ता गर्ने होइन, सम्भावित विपद्लाई सामना गर्न आजै तयार हुने समय हो ।

## बाढीको विपद् र बालबालिका:

# भौतिकसँगै मनको पुनर्स्थापना



✍ हिक्मत दाहाल

नेपालको विपद् इतिहासमा फेरि एउटा पीडादायी दिन थपिएको छ । रसुवा, नुवाकोट र धादिङमा आएको विनाशकारी बाढीले घर, विद्यालय, सडक, पुल, स्वास्थ्य संस्था र जीविकोपार्जनका आधारहरूमा ठूलो क्षति पुर्‍यायो । सयौँ मानिसले ज्यान गुमाएका छन्, धेरै अझै बेपत्ता छन् र हजारौँ परिवारको जीवन एकाएक अस्तव्यस्त भएको छ । युनिसेफका अनुसार रसुवा, नुवाकोट र धादिङमा आएको यस बाढीबाट कम्तीमा १७ हजार बालबालिका प्रभावित भएका छन्। १८ वटा विद्यालय पूर्ण रूपमा ध्वस्त भएका छन् भने थप २० विद्यालयमा क्षति पुगेको छ । करिब १० हजार विद्यालय उमेरका बालबालिकालाई पढाइको निरन्तरता, सिकाइ सामग्री र मनोसामाजिक सहयोगको तत्काल आवश्यकता रहेको प्रारम्भिक आकलन छ ।

बाढीको पानी घटे पनि बालमनको डर तुरुन्त घट्दैन । विपद्पछि बालबालिकाले डर, असुरक्षा, दुःख, अन्योल, रिस, अपराधबोध, एक्लोपन वा भविष्यप्रतिको चिन्ता महसुस गर्न सक्छन् । कोही बालबालिका धेरै रुन सक्छन् भने कोही असामान्य रूपमा चुप लाग्न सक्छन् । कसैले आमाबुबालाई छोड्न नमान्न सक्छन् भने कसैलाई राति निद्रा नलाग्न सक्छ । कसैले पटक-पटक 'फेरि बाढी आउँछ?' भनेर सोध्न सक्छन् । कसैको पढाइ, खेल र साथीभाइप्रतिको रुचि घट्न सक्छ । बालबालिकाको मनमा शब्दमा भन्न नसकेको पीडा हुन सक्छ । त्यसकारण राहतको परिभाषा फराकिलो बनाउनुपर्छ ।

विपद्को समयमा हाम्रो पहिलो प्राथमिकता जीवन रक्षा हो । सुरक्षित बास, खानेपानी, खाना, औषधि, कपडा र सरसफाइका सामग्री अत्यावश्यक हुन्छन् । तर, बालबालिकाका लागि राहतको अर्को आयाम पनि छ– सुरक्षित महसुस गर्ने वातावरण, आफ्ना कुरा सुनिदिने मानिस, साथीहरूसँग भेट्ने अवसर, खेल्ने समय, नियमित दिनचर्या र भविष्यप्रतिको आशा । यिनलाई पनि राहतकै अभिन्न अङ्गका रूपमा बुझ्नुपर्छ ।

युनिसेफले प्रभावित बालबालिका र परिवारका लागि स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, शिक्षा, बाल संरक्षण र मनोसामाजिक सहयोगलाई आपत्कालीन प्रतिक्रियाको हिस्सा बनाएको छ । मनोसामाजिक सहयोगका टोली परिचालन गरिएको छ भने परिवारबाट छुट्टिएका बालबालिकाको पहिचान र पुनर्मिलनमा पनि काम भइरहेको छ ।

विपद्को अवस्थामा शरीरसँगै मनको पनि उद्धार आवश्यक हुन्छ । सामाजिक-भावनात्मक सिकाइले बालबालिकालाई आफ्ना भावना चिन्न, व्यक्त गर्न र व्यवस्थापन गर्न, अरूका भावना बुझ्न, सम्बन्ध निर्माण गर्न तथा कठिन परिस्थितिमा जिम्मेवार निर्णय लिन सहयोग गर्छ । यी सीपहरू सामान्य अवस्थामा मात्र आवश्यक हुँदैनन्, सङ्कटको समयमा त यिनको महत्त्व अझ बढ्छ ।

विपद्पछि बालबालिकालाई 'अब पढाइमा ध्यान देऊ' भन्नुअघि उनीहरूलाई 'तिमी अहिले कस्तो महसुस गरिरहेका छौ?' भनेर सोध्नु आवश्यक हुन्छ । पाठ्यपुस्तक खोल्नुअघि मनको अवस्था बुझ्नु जरुरी हुन्छ । विद्यालय खोल्नुअघि बालबालिकालाई सुरक्षित महसुस गराउनु आवश्यक छ । यसको अर्थ शिक्षण सिकाइ प्रक्रिया रोक्ने होइन, बालबालिकाको भावनात्मक सुरक्षा र सिकाइलाई सँगसँगै अघि बढाउने हो ।

**बालबालिकाको मनको हेरचाहका विभिन्न आधारहरू:**

१. पहिला सुरक्षा: बालबालिकाले आफू सुरक्षित छु भन्ने महसुस गर्नुपर्छ । 'तिमी सुरक्षित छौ', 'हामी तिमीसँगै छौँ', 'तिमी एक्लो छैनौ' जस्ता आश्वस्त पार्ने शब्दले बालमनमा सुरक्षा र भरोसा जगाउँछन् ।

२. सुन्ने संस्कृतिको विकास: बालबालिकाले बोल्दा बीचमै नछेकौँ । उनीहरूको अनुभवलाई सानो नठानौँ । 'केही भएको छैन' वा 'नडराऊ' भन्नुभन्दा 'तिमीलाई धेरै डर लागेको रहेछ' भनेर उनीहरूको भावनालाई स्वीकार गरौँ ।

३. भावनालाई नाम दिन सहयोग गरौँ: 'तिमी अहिले दुःखी छौ कि डराएका छौ?', 'तिमीलाई के कुराले सबैभन्दा बढी चिन्ता दिएको छ?' जस्ता प्रश्नले बालबालिकालाई आफ्नो भावना बुझ्न सहयोग गर्छ । भावनालाई नाम दिन सक्नु भावना व्यवस्थापन गर्ने पहिलो खुड्किलो हो ।

४. खेललाई उपचारको माध्यम बनाऔँ: बालबालिकाले सधैँ बोलेर आफ्नो पीडा व्यक्त गर्दैनन् । उनीहरूले चित्र, खेल, कथा, गीत, नृत्य र अभिनयबाट पनि आफ्ना भावना व्यक्त गर्छन् । त्यसैले विपद्पछिका अस्थायी सिकाइ केन्द्र र विद्यालयमा खेललाई समय कटाउने गतिविधि मात्र होइन, मनको पुनर्स्थापनाको माध्यमका रूपमा लिनुपर्छ ।

५. दिनचर्या पुनःस्थापित गरौँ: विपद्ले बालबालिकाको जीवनमा अनिश्चितता ल्याउँछ । नियमित खाना, सुत्ने, खेल्ने, पढ्ने र आराम गर्ने समयले उनीहरूलाई फेरि स्थिरताको अनुभूति दिन्छ । सामान्य दिनचर्याले पनि ठूलो मनोवैज्ञानिक भरोसा दिन सक्छ ।

६. सम्बन्धलाई पुनः जोडौँ: बालबालिकाका लागि साथीहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन् । सँगै खेल्ने, कुरा गर्ने, अनुभव बाँड्ने र एक-अर्कालाई सहयोग गर्ने अवसरले अपनत्व र सहानुभूति विकास गर्छ । 'म एक्लो छैन' भन्ने अनुभूति आफैँमा ठूलो सहयोग हो ।

७. साना जिम्मेवारी दिऔँ: विपद्पछि बालबालिकाले आफू असहाय भएको महसुस गर्न सक्छन् । उमेरअनुसारका साना जिम्मेवारीले उनीहरूलाई फेरि आफ्नो क्षमतामाथि विश्वास गर्न सहयोग गर्छ । 'म पनि केही गर्न सक्छु' भन्ने अनुभूति आत्मविश्वासको आधार हो ।

८. भयावह दृश्यबाट जोगाऔँ: बालबालिकालाई विपद्को वास्तविकता लुकाउनु हुँदैन । तर, सामाजिक सञ्जालमा बारम्बार देखाइने भयावह दृश्य र समाचारबाट भने उनीहरूलाई जोगाउनुपर्छ । सत्य जानकारी आवश्यक छ, तर बालमैत्री र उमेरअनुकूल जानकारी अझ बढी आवश्यक छ ।

९. विद्यालयलाई सुरक्षित स्थान बनाऔँ: विद्यालय पुनः खुल्दा पहिलो प्राथमिकता पाठ्यक्रम पूरा गर्नु मात्र हुनु हुँदैन । विद्यालयले बालबालिकालाई सुरक्षा, सम्बन्ध र आशाको अनुभूति गराउनुपर्छ । हरेक कक्षामा दिनको सुरुवात एउटा सरल प्रश्नबाट गर्न सकिन्छ– 'आज तिमीलाई कस्तो महसुस भइरहेको छ?' यसले शिक्षकलाई विद्यार्थीको मन बुझ्न र विद्यार्थीलाई आफ्नो मन व्यक्त गर्ने अवसर दिन्छ ।

१०. आवश्यक पर्दा विशेषज्ञ सहयोगमा जोडौँ: हरेक बालबालिकाको प्रतिक्रिया एउटै हुँदैन । धेरैजसो बालबालिका परिवार, समुदाय, शिक्षक र साथीहरूको सहयोगबाट क्रमशः सामान्य अवस्थामा फर्किन सक्छन् । तर लामो समयसम्म अत्यधिक डर, निद्राको गम्भीर समस्या, निरन्तर मौनता, अत्यधिक आक्रोश, सामाजिक सम्पर्कबाट टाढिने वा दैनिक जीवनमा उल्लेखनीय कठिनाइ देखिएमा प्रशिक्षित परामर्शदाता वा मनोसामाजिक सहयोगकर्ताको सहायता आवश्यक हुन्छ ।

विपद्पछि विद्यालयको भूमिका झन् महत्त्वपूर्ण हुन्छ । विद्यालय भवन भत्किएको छ भने पुनर्निर्माण गर्नुपर्छ । तर भवनसँगै बालबालिकाको सिकाइ, सम्बन्ध र आशाको पनि पुनर्निर्माण गर्नुपर्छ । विद्यालय पुनः खुल्दा बालबालिकाले साथी भेट्छन्, शिक्षकको परिचित मुस्कान देख्छन्, आफ्नो कथा सुनाउन पाउँछन्, आफूलाई सुरक्षित महसुस गर्न सक्छन् र बिस्तारै भविष्यबारे सोच्न थाल्छन् । त्यसैले विपद्पछिको विद्यालय पुनर्स्थापनामा पढाइको निरन्तरता र भावनात्मक पुनर्स्थापना दुवैलाई समान महत्त्व दिनुपर्छ। सामान्य अवस्थामा शिक्षकले सोध्छन्– 'आज के पढाउने?' विपद्पछि अर्को प्रश्न थपिनुपर्छ– 'आज मेरा बालबालिका कस्तो अवस्थामा छन्?' हामीले परीक्षा कहिले लिने भन्ने सोच्नुअघि उनीहरू फेरि सिक्न तयार छन् कि छैनन् भनेर बुझ्नुपर्छ । पाठ्यक्रम पूरा गर्ने चिन्ता गर्नुअघि उनीहरूको मनमा सुरक्षित स्थान बनाउनु आवश्यक छ । किनकि सुरक्षित मनले मात्र गहिरो रूपमा सिक्न सक्छ ।

*(स्कुल काउन्सिलर, काठमाडौँ युनिभर्सिटी)*

## तीन...

पनि २४ वैशाख २०८३ मा सदर गरेपछि बालकहरूका तर्फबाट सर्वोच्च अदालतमा निवेदन परेको थियो ।

सर्वोच्चले उपलब्ध प्रमाण तथा अनुसन्धानबाट तत्काल बालसुधार गृहमा राखेर पुर्पक्ष गर्नुपर्ने अवस्था नरहेको निष्कर्ष निकालेको छ । आदेशमा अभियुक्त बालकहरूले प्रहरी तथा अदालतसमक्ष बयानका क्रममा आफूहरूमाथि लागेको आरोप अस्वीकार गरेको उल्लेख छ । घटनाका मुख्य आरोपीका रूपमा प्रस्तुत गरिएका परिवर्तित नाम वीरेन्द्रनगर (प) ले समेत उनीहरूलाई घटनामा संलग्न रहेको भनी बयानमा नपोलिएको अदालतले जनाएको छ ।

त्यस्तै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) बाट गरिएको प्राविधिक विश्लेषण, फोन संवादको समय, ट्राफिक कार्यालय तथा कर्णाली प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन विभाग र प्रदेश आयुर्वेद अस्पतालका सीसीटीभी फुटेजसमेत अध्ययन गर्दा ती बालकहरू घटनापछि पीडित बेहोस अवस्थामा पुगेको समयमा उद्धार तथा सहयोगका लागि घटनास्थलमा पुगेको देखिएको सर्वोच्चको आदेशमा उल्लेख छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (२) को खण्ड (ख) अनुसार उनीहरूलाई पुर्पक्षका लागि बालसुधार गृहमा राखिरहनुपर्ने आधार पर्याप्त नरहेको अदालतको ठहर छ । सोही कानुनी व्यवस्थाका आधारमा बालकहरूलाई परिवारको जिम्मा लगाएर मुद्दाको कारबाही अघि बढाउन आदेश दिइएको हो ।

यद्यपि सर्वोच्चले उनीहरूलाई पूर्ण रूपमा मुद्दाबाट उन्मुक्ति दिएको भने होइन । मुद्दा टुंगो नलागेसम्म अदालतले बोलाएका बेला अनिवार्य रूपमा उपस्थित हुनुपर्ने र अदालतको अनुमति नलिई देशबाहिर जान नपाउने सर्त तोकिएको छ ।

इनिषाको मृत्यु प्रकरणसम्बन्धी मुद्दा भने सुर्खेत जिल्ला अदालतमा विचाराधीन नै छ । उनीमाथि जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा अनुसन्धान तथा न्यायिक प्रक्रिया अघि बढिरहेको छ ।

गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भई वीरेन्द्रनगर-१ मा परिवारसँग बस्दै आएकी १६ वर्षीया इनिषा २३ फागुन २०८२ मा बिहान ट्युसन पढ्न घरबाट निस्किएकी थिइन् । बिहान करिब ९ बजेतिर उनी वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा भेटिएकी थिइन् ।

उद्धार गरी प्रदेश अस्पताल पुर्‍याउँदा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए । घटनापछि प्रहरीले सोही दिन उनका प्रेमी भनिएका १६ वर्षीय नाबालक परिवर्तित नाम वीरेन्द्रनगर (प) लाई नियन्त्रणमा लिएको थियो । अनुसन्धान अघि बढाउने क्रममा प्रहरीले थप तीन जना बालकलाई समेत नियन्त्रणमा लिएको थियो ।

## कृषि...

कृषि विषय अध्ययन गरेका विद्यार्थीले आफ्नो सीपलाई भविष्यमा रोजगारी तथा उद्यमसँग जोड्न सकून् भन्ने उद्देश्यले विद्यालयमै उत्पादन र बजारीकरणको अभ्यास गराइएको हो ।

'शिक्षासँग सीप, सीपसँग उत्पादन र उत्पादनसँग बजार जोड्ने अभियान हो,' उनले भने, 'यसले कृषि अध्ययनको विषय मात्र नभई आम्दानी र रोजगारीको आधार पनि हो भन्ने बुझाउन सहयोग गर्छ । नेपालमा कृषि शिक्षा लिने विद्यार्थीलाई पढाइ सकेपछि कृषि क्षेत्रमा आकर्षित गर्न चुनौती रहँदै आएको अवस्थामा ज्वाला माध्यमिक विद्यालयको अभ्यासले शिक्षालाई उत्पादनसँग जोड्ने प्रयास गरेको देखिन्छ विशेषगरी ग्रामीण क्षेत्रमा विद्यालयमै उपलब्ध जमिन, स्थानीय स्रोतसाधन र परम्परागत ज्ञानको उपयोग गर्दै विद्यार्थीलाई आधुनिक कृषि प्रविधिसँग परिचित गराउने अभ्यास प्रभावकारी हुनसक्ने देखिन्छ ।

विद्यालयले आगामी दिनमा स्थानीय स्रोत र प्रविधिमा आधारित कृषि उद्यमलाई प्राथमिकता दिने जनाएको छ । विद्यार्थीले उत्पादन गरेका वस्तुको गुणस्तर सुधार, प्रशोधन तथा बजार व्यवस्थापनमा थप अभ्यास गराउने विद्यालयको तयारी छ । यससँगै कृषि क्षेत्रमा सम्भावना भएका स्थानीय उत्पादनको पहिचान गरी तिनलाई व्यावसायिक रूपमा अघि बढाउने लक्ष्य पनि विद्यालयले राखेको छ । स्थानीय स्तरमा उत्पादन हुने कृषि उपजलाई प्रशोधन गरी बजारमा पुर्‍याउन सके किसान तथा विद्यार्थी दुवैका लागि आम्दानीको अवसर सिर्जना हुन सक्छ ।

विद्यालयले विद्यार्थीलाई त्यही सम्भावनासँग जोड्न खोजेको हो । विद्यार्थीले विद्यालयमा सिकेको प्रविधि र सीप घर तथा समुदायमा प्रयोग गर्न सके त्यसको प्रभाव विद्यालयको सीमाभन्दा बाहिरसम्म पुग्ने अपेक्षा गरिएको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# त्रिविसहित छ विश्वविद्यालयमा रजिस्ट्रार नियुक्त



काँक्रेविहार संवाददाता
काठमाडौं, १६ भदौ

सरकारले त्रिभुवन विश्वविद्यालय (त्रिवि)सहित छ विश्वविद्यालयमा रजिस्ट्रार नियुक्त गरेको छ । प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति बालेन्द्र शाहले सम्बन्धित विश्वविद्यालयका उपकुलपतिको सिफारिसमा शिक्षाध्यक्ष र रजिस्ट्रार नियुक्त गरेका हुन् ।

जसअनुसार त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षमा प्राडा अञ्जना महर्जन सिंह र रजिस्ट्रारमा प्रा. रवीन्द्र शिवाकोटी नियुक्त भएका छन् । शिवाकोटी त्रिविको शिक्षा शास्त्र संकायका प्राध्यापक हुन् भने सिंह विज्ञान संकायकी प्राध्यापक हुन् ।

त्यस्तै, पूर्वाञ्चल विश्वविद्यालयको रजिस्ट्रारमा प्राडा पन्ना थापा, पोखरा विश्वविद्यालयको रजिस्ट्रारमा प्राडा निर्मला जमरकट्टेल र सुदूरपश्चिम विश्वविद्यालयको रजिस्ट्रारमा प्राडा तारादत्त भट्ट नियुक्त भएका छन् ।

मध्यपश्चिम विश्वविद्यालयको रजिस्ट्रारमा सहप्राध्यापक डा. सुदिप ठकुरी तथा राजर्षि जनक विश्वविद्यालयको रजिस्ट्रारमा डा. जीवन काफ्ले नियुक्त भएका छन् । नवनियुक्त शिक्षाध्यक्ष तथा रजिस्ट्रारहरूले आजै शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित कार्यक्रममा पद तथा गोपनीयताको शपथ लिएका छन् ।

शपथ ग्रहण कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय सुधार तथा सर्वाङ्गीण विकासका लागि टिमवर्क र प्रभावकारी समन्वयका साथ काम गर्न नवनियुक्त पदाधिकारीलाई निर्देशन दिए । उनले उच्च शिक्षा सुधारका लागि उपकुलपति, रजिस्ट्रारलगायत विश्वविद्यालयका पदाधिकारीबीच बलियो सहकार्य आवश्यक रहेको बताए ।

मन्त्री पोखरेलले विश्वविद्यालयलाई उत्कृष्ट र अनुसन्धानमुखी संस्थाका रूपमा विकास गर्न सबै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिँदै मन्त्रालयबाट आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गरे । शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले विश्वविद्यालयको रूपान्तरण र कामलाई परिणाममुखी बनाउन नवनियुक्त पदाधिकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो। मन्त्रीका सल्लाहकार शैलेन्द्र झाले शैक्षिक गुणस्तर, परीक्षा प्रणाली सुधार तथा विश्वविद्यालयको क्षमता अभिवृद्धिमा सक्रिय भूमिका खेल्नुपर्ने बताए ।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले विश्वविद्यालयबीच प्रभावकारी समन्वय गर्दै गुणस्तरीय जनशक्ति उत्पादनमा केन्द्रित हुनुपर्ने बताए । पोखरा विश्वविद्यालयकी नवनियुक्त रजिस्ट्रार प्राडा निर्मला जमरकट्टेलले आफूलाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने प्रतिबद्धता जनाइन् । कार्यक्रममा विभिन्न विश्वविद्यालयका उपकुलपति, मन्त्रालयका उच्च अधिकारीलगायतको उपस्थिति थियो ।

# सुदूरपश्चिम प्रदेश सरकार बजेटविहीन

काँक्रेविहार संवाददाता
धनगढी, १६ भदौ



चालु आर्थिक वर्षको डेढ महिना भइसकेको छ । तर, सुदूरपश्चिम प्रदेश बजेट शून्यतामा छ । हुन त यसअघि नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता साझेदारीमा रहेको प्रदेश सरकारले १ असारमा बजेट सार्वजनिक गरेको थियो । तर, बजेटमै बढेको विवादका कारण कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह नेतृत्वको सरकार ढल्यो ।

अहिले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र नेकपा एमालेको साझेदारीमा सरकार बनेको छ । नेकपाका खगराज भट्ट प्रदेशको मुख्यमन्त्री छन् । सरकारले पूर्णता पाएको दुई साता पुग्दा पनि बजेट ल्याउने तयारी भने सुरु भएको छैन ।

बजेटविहीनताको अवस्था अन्त्य गर्न प्रदेश सरकारले पुनर्लेखन गरेर बजेट ल्याउने जनाउँदै आएको छ । तर, अझैसम्म बजेट पुनर्लेखनको कार्य भने सुरु भएको छैन । बजेट कुन तरिकाले पुनर्लेखन गर्ने विषयमै सत्तारुढ दलबीच सहमति जुट्न सकेको छैन ।

प्रदेशका आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्लले बजेट पुनर्लेखनको तयारीमा जुटिरहेको बताए । 'अहिले नै पुनर्लेखन सुरु भइसकेको छैन,' मल्लले भने, ' त्यसैको तयारीमा हामी जुटेका छौं ।'

आर्थिक मामिला मन्त्रालयका सूचना अधिकारी सत्यराज जोशीले राजनीतिक सहमति भएएपछि मात्रै मन्त्रिपरिषद्बाट निर्णय गरी औपचारिक रूपमा बजेट पुनर्लेखन सुरु हुने बताए ।

१ असारमा प्रदेशसभामा पेस गरिएको ३७ अर्ब ७० करोड ३९ लाख ६६ हजार रुपैयाँको बजेट फिर्ता लिएर नयाँ सरकारले पुनर्लेखन गर्ने जनाएको छ । उक्त बजेटमा गत आर्थिक वर्षको बचत नौ अर्ब ६५ करोड रुपैयाँ स्रोतको रूपमा प्रयोग गरिएको थियो । तर, अनुमान गरिएकोभन्दा चार अर्ब ७८ करोड २२ लाख कम बचत भएको छ । यथार्थ विवरण प्रयोग गर्दा चालुआर्थिक वर्षको बजेट ३२ अर्ब हाराहारीको हुने देखिन्छ ।

बाढीपीडितलाई सहयोगको निर्णय कसरी हुन्छ कार्यान्वयन ?

बजेट शून्यताको अवस्थामा रहेको प्रदेश मन्त्रिपरिषद्ले भने भोटेकोसी बाढी प्रभावितको राहत, उद्धार तथा खोजतलासका लागि दुई करोड रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ ।

१२ भदौमा मुख्यमन्त्री खगराज भट्टको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारका तर्फबाट उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको थियो । प्रदेशका आर्थिक मामिलामन्त्री मल्लले बजेट शून्यताको अवस्थामा पनि विपत् प्रभावितका लागि सहयोग गर्न कानुनी तथा आर्थिक समस्या नरहेको दाबी गरेका छन् । ' प्रदेश विपत् व्यवस्थापन कोषमा पाँच-सात करोड रुपैयाँ मौज्दात छ,' मन्त्री मल्लले भने, 'सोही रकममध्ये दुई करोड रुपैयाँ भोटेकोसी बाढी प्रभावितका लागि पठाउने निर्णय भएको हो ।'

प्रदेशका प्रमुख सचिव बैकुण्ठप्रसाद अर्यालले पनि विपत् व्यवस्थापन कोषमा रहेको रकम प्रयोग गर्न कानुनी समस्या नरहेको बताएका छन् । उनका अनुसार कार्यालय खुलेपछि कोषमा रहेको मौज्दात रकमबाट दुई करोड रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ ।

१२ गतेको मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री र मन्त्रीहरूको एक-एक महिनाको तलबसमेत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको थियो । तर, यो निर्णय कार्यान्वयनमा भने समस्या देखिएको छ ।

प्रदेश सरकार बजेटविहीन अवस्थामा रहेकाले मुख्यमन्त्री, मन्त्री तथा कर्मचारीले तलबभत्ता पाएका छैनन् । यता आर्थिक मामिलामन्त्री मल्लले भने कतैबाट व्यवस्थापन गरेर पनि उक्त सहयोग प्रदान गरिने बताए ।

# शेखरले बोलाएको छलफलमा कांग्रेसका तीनवटै पक्ष सहभागी



काँक्रेविहार संवाददाता
काठमाडौं, १६ भदौ

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पार्टीको आन्तरिक विवाद समाधानका विषयमा छलफल गरेका छन् ।

विशालनगरस्थित कोइरालाको सम्पर्क कार्यालयमा भएको छलफलमा कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहका नेताहरू पनि उपस्थित थिए ।

विशेष महाधिवेशनमा सहभागी नभएका निवर्तमान उपसभापति धनराज गुरुङ, निवर्तमान सहमहामन्त्री बद्रि पाण्डे र जीवन परियार, निवर्तमान केन्द्रीय सदस्यहरू मीनेन्द्र रिजाल, बलबहादुर केसी, नैनसिंह महर, रामहरि खतिवडा, उमेशजंग रायमाजी, सरिता प्रसाईं, किरण यादव, गणेश लामा, अम्बिका बस्नेतलगायत छलफलमा थिए ।

साथै छलफलमा सभापति गगन थापाले मनोनीत गरेका जीवन परियार, सुजाता कोइराला, डा. गोविन्दराज पोखरेल र दिनेश कोइराला पनि थिए ।

कांग्रेसमा उनीहरूलाई शेखर कोइरालाका विश्वासपत्रका रूपमा हेरिन्थ्यो । पार्टीको सम्पूर्ण एकताका लागि कोइरालाले जोड गरिराखेका बेला उनीहरू व्यक्तिगत रुपमा संवाद गरेर केन्द्रीय सदस्य मनोनीत भएका थिए ।

यद्यपि उनीहरू कोइरालाले बोलाउने आन्तरिक छलफलमा विगतमा पनि सहभागी हुने गरेका थिए ।

कोइरालाले आज (मंगलबार) इतर पक्षकै अधिकांश नेताहरू बोलाएको बैठकमा संस्थापन पक्षमा पुगेका उनीहरू सहभागी हुन अर्थपूर्ण देखिन्छ ।

छलफलमा प्रतिनिधि सभाका सांसदहरू डा. चन्द्रमोहन यादव, रेखा यादव, रुक्मिणी कोइराला, गीता सेन्दाङ र रिना उप्रेती, राष्ट्रिय सभा सदस्यहरू वासुदेव जंगली, गीता देवकोटा, विष्णु सापकोटा र रञ्जित कर्ण लगायतको सहभागिता थियो ।

पार्टीको आन्तरिक विवाद समाधानका सन्दर्भमा भदौ १४ गते पूर्वमहामन्त्री डा. शशांक कोइराला र १५ गते निवर्तमान सभापति देउवाका देउवालाई भेटेका थिए ।

पार्टीभित्रको आन्तरिक समस्या र संगठनलाई एकढिक्का बनाउने विषयमा छलफल भएको कोइरालाको सचिवालयले जनाएको छ ।

# रसुवा बाढीमा मृतकको संख्या १ हजार नाघ्यो, ४ हजार ६ सयभन्दा धेरै बेपत्ताको सूचीमा



काँक्रेविहार संवाददाता
काठमाडौं, १६ भदौ

रसुवा बाढीमा परी मृत्यु हुनेको संख्या एक हजार नाघेको सरकारले पुष्टि गरेको छ । नेपाल प्रहरीले मंगलबार सार्वजनिक गरेको विवरण अनुसार अहिलेसम्म १ हजार ५८ जनाको शव भेटिएको हो ।

त्यसमध्ये ३० जना बालक, ३५ बालिका, २ सय ३२ महिला र ३ सय ७१ पुरुष छन् । ३ सय ९० जनाको आंशिक अंग मात्रै फेला परेको छ ।

अहिलेसम्म ५८ जनाको शव परिवारलाई हस्तान्तरण गरिएको छ भने ९ सय ७२ जनाको मुचुल्का गरी व्यवस्थापनको काम भइरहेको छ । ६ सय ८४ जनाको शव जमिनमुनि गाडिएको छ । ४ हजार ६ सय ३ जना बेपत्ताको सूचीमा छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# बाढीपीडितका लागि वीरेन्द्रनगरको ५१ लाख सहयोग




❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, १६ भदौ

वीरेन्द्रनगर नगरपालिकाले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि ५१ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

नगरपालिकाको ९१औँ कार्यपालिका बैठकले बाढीका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको हो। नगरप्रमुख मोहनमाया भण्डारी ढकालले नगरपालिकाले विपद्को समयमा प्रभावित नागरिकसँग ऐक्यबद्धता जनाउँदै सहयोग गर्ने निर्णय गरेको जानकारी दिइन्।

उनका अनुसार नगरपालिकाले उपलब्ध गराउने ५१ लाख रुपैयाँ नगर विपद् व्यवस्थापन कोषबाट नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ। उक्त रकम बाढी प्रभावित क्षेत्रका नागरिकको राहत, उद्धार तथा पुनःस्थापनामा प्रयोग हुने अपेक्षा गरिएको छ। नगरप्रमुख ढकालले विपत्तिको समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको साझा दायित्व भएको बताइन्। उनले प्राकृतिक विपद्बाट ठूलो क्षति व्यहोरेका नागरिकको साथमा स्थानीय सरकारसमेत उभिनुपर्ने भएकाले सहयोगको निर्णय गरिएको उल्लेख गरिन्।

भोटेकोशी नदीमा आएको आकस्मिक तथा भीषण बाढीले विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको छ। बाढीका कारण सडक, पुल, घर तथा अन्य भौतिक संरचनामा समेत क्षति पुगेपछि प्रभावित नागरिकको उद्धार र राहतका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट सहयोग जुटाउने क्रम जारी छ। वीरेन्द्रनगर नगरपालिकाले पनि विपद्को यस कठिन परिस्थितिमा आफ्नो जिम्मेवारी निर्वाह गर्दै सहयोग रकम उपलब्ध गराउने निर्णय गरेको जनाएको छ। नगरपालिकाको सहयोगले बाढीपीडितको तत्कालीन राहत तथा पुनःस्थापनामा केही सहजता पुग्ने विश्वास गरिएको छ।

## जानकारीमूलक सूचना

**स्वास्थ्यमा समस्या देखिएपछि मात्र होइन, समयमै स्वास्थ्य परीक्षण र चिकित्सकीय परामर्श लिनुहोस्।**

**प्रदेश अस्पताल सुर्खेतमा उपलब्ध सेवाहरू :**

- २४ घण्टा आकस्मिक स्वास्थ्य सेवा
- विशेषज्ञ चिकित्सकबाट उपचार तथा परामर्श
- प्रयोगशाला तथा विभिन्न स्वास्थ्य परीक्षण
- शल्यक्रिया तथा उपचार सेवा
- मातृ तथा शिशु स्वास्थ्य सेवा
- नियमित ओपीडी सेवा
- आवश्यकताअनुसार अन्य विशेषज्ञ स्वास्थ्य सेवा

**स्वास्थ्यसम्बन्धी कुनै समस्या भए नजिकैको स्वास्थ्य संस्था वा प्रदेश अस्पतालमा सम्पर्क गर्नुहोस्।**

*समयमै उपचार गरौँ, जटिलता घटाऔँ।*
*स्वस्थ नागरिक, समृद्ध कर्णाली।*

**प्रदेश अस्पताल**
**वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल**

# कर्णालीमा पोषण सुधारका कार्यक्रमलाई निरन्तरता



❒ **कांक्रेविहार संवाददाता**
सुर्खेत, १६ भदौ

कर्णाली प्रदेश सरकारले बालबालिका, किशोरकिशोरी तथा सुत्केरी महिलाको पोषण अवस्था सुधार गर्न विभिन्न कार्यक्रमलाई निरन्तरता दिएको छ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेट्दै प्रदेश सरकारले पोषण सुधारका कार्यक्रम सञ्चालन गर्न लागेको हो। सामाजिक विकास मन्त्रालयका अनुसार सुत्केरी पोषण कोशेली र पूरक पोषिलो खाना कार्यक्रम कार्यान्वयन गरिनेछ। यी कार्यक्रमका लागि चालु आर्थिक वर्षमा छ करोड ५९ लाख रुपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता तथा वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाहीले जानकारी दिए।

शाहीका अनुसार अघिल्ला वर्षको तुलनामा यस वर्ष स्वास्थ्य तथा पोषण क्षेत्रमा विनियोजित बजेट घटेको छ। विगतमा स्वास्थ्य क्षेत्रमा १५ देखि १६ करोड रुपैयाँसम्मका कार्यक्रम सञ्चालन हुँदै आए पनि अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआईडी) को सहयोगमा सञ्चालित कार्यक्रम रोकिएपछि स्वास्थ्य क्षेत्रको बजेट तथा कार्यक्रम प्रभावित भएका छन्। यद्यपि प्रदेश सरकारले अत्यावश्यक स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राखेर निरन्तरता दिएको जनाएको छ।

गरिब, सीमान्तकृत, भूमिहीन, विपन्न तथा लक्षित वर्गका परिवारको खाद्य तथा पोषण सुरक्षा सुधार गर्न विशेष प्रोत्साहन कार्यक्रमसमेत सञ्चालन गरिने मन्त्रालयले जनाएको छ।

कर्णालीमा भने कुपोषणको अवस्था अझै चुनौतीपूर्ण छ। राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार प्रदेशका करिब ३६ प्रतिशत बालबालिकामा पुड्कोपन, १८ प्रतिशतमा कम तौल र चार प्रतिशतमा ख्याउटेपनाको समस्या देखिएको छ। यस्तै, करिब ४८ प्रतिशत बालबालिका रक्तअल्पताबाट प्रभावित रहेको तथ्यांक छ।

खाद्य असुरक्षा, गरिबी, सन्तुलित आहारको अभाव तथा दुर्गम भौगोलिक अवस्थाका कारण कर्णालीमा कुपोषणको समस्या कायम रहेको बताइन्छ।

सरकारले सन् २०३० सम्म कुपोषण घटाउने राष्ट्रिय लक्ष्यलाई सहयोग पुग्ने गरी प्रदेशस्तरमा कार्यक्रम अघि बढाएको जनाएको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१७**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री तुलबहादुर खत्री** धनी रहेको, **दर्ता नम्बर** २७६८/०७२/०७३ बाट **आग्रीगाउँ-७, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **पुर्णिमा स्टाप होटल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१७**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शान्ता देवी रेग्मी** धनी रहेको, **दर्ता नम्बर** ९६७४/०७९/०८० बाट **वीरेन्द्रनगर-१२, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **रमेश कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







कांक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)